ढकारी गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः १ संख्याः १६ मितिः २०७७/१२/०९

**भाग-१**

**ढकारी गाउँपालिका**

## ढकारी गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५

आज्ञाले,

नामः राजेन्द्र भाट

नि.प्रमुख प्रशासकीय अधिकृत

# ढकारी गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५

**प्रस्तावना:** नेपालको संविधानको अनुसूची ८ र ९ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७५ बमोजिम स्थानीय तहलाई तोकिएको अधिकार क्षेत्रभित्रका विषयमा आवश्यक कानून बनाई प्रशासकीय कार्यविधि नियमित गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७५ को दफा १०२ को उपदफा (१) बमोजिम ढकारी गाउँपालिकाको सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम, विस्तार र प्रारम्भ :** (१) यो ऐनको नाम ढकारी गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ रहेको छ ।

(२) यो ऐन ढकारी गाउँपालिका क्षेत्रभित्र तुरुन्त लागू हुनेछ ।

२. **परिभाषा :** (१) बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) “ऐन” भन्नाले ढकारी गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ सम्झनु पर्छ ।

(ख) “कार्यपालिका” भन्नाले ढकारी गाउँ कार्यपालिका सम्झनु पर्छ ।

(ग) “गाउँपालिका” भन्नाले ढकारी गाउँपालिका सम्झनु पर्छ ।

(घ) “गाउँ सभा” भन्नाले  ढकारी गाउँपालिकाको गाउँसभा सम्झनु पर्छ ।

(ङ) “सभा” भन्नाले संविधानको धारा २२२  बमोजिमको गाउँसभा वा धारा २२३ बमोजिमको गाउँ सभा सम्झनु पर्छ ।

(च) “संविधान” भन्नाले नेपालको संविधानलाई सम्झनु पर्छ ।

३. **नियम बनाउने अधिकार** : (१) नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७५ बमोजिम गाउँपालिकालाई तोकिएका अधिकार क्षेत्रभित्रका विषयमा तोकिएको कार्य जिम्मेवारी निर्वाह गर्न अपनाउनु पर्ने कार्यविधि नियमित गर्नको निमित्त ढकारी गाउँ कार्यपालिकाले आवश्यक नियम बनाउन सक्नेछ ।

(२) उपदफा (१) वमोजिम नियम बनाउँदा संघीय तथा प्रदेश कानून बमोजिम स्थानीय तहको क्षेत्राधिकार भित्र पर्ने विषयमा मात्र बनाउनु पर्नेछ ।

४. **निर्देशिका, कार्यविधि र मापदण्ड वनाउन सक्ने:** (१) संविधान, ऐन तथा यस ऐन अन्तरगत वनेको नियमावलीको अधिनमा रही ढकारी गाउँपालिकाले आवश्यकता अनुसार निर्देशिका, कार्यविधि र मापदण्ड वनाई लागू गर्न सक्नेछ ।